**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २१ दिसम्बर २०२४

समयः १८:५० – १९:०० बजे

## मुख्य समाचार

१. हाम्रो पार्टी अध्यक्ष अजय एडवार्डले आज एक प्रेस विज्ञप्ति जारी गर्नु हुदै हाम्रो पार्टी विघटन भएको घोषणा गर्नु भएको छ I
२. केन्द्रीय गृहमन्त्री अमित शाहको सिलगडी भ्रमणले पहाड, तराई, सिलगडी र डुवर्सका जनसमुदायमा एउटा नयाँ ऊर्जा उत्पन्न भएको गोरामुमो अध्यक्ष मन घिसिगले बताउनु भएको छ।
३. दार्जिलिङ क्षेत्रमा रहेका पत्रकारहरुको संगठन दार्जिलिङ प्रेस गिल्डको 24 औं स्थापना दिवस समारोह दार्जिलिङमा सम्पन्न भएको छ।
४. शहिद पूरण तामांगलाई आज शैन्य सम्मानको साथमा अन्तिम विदाई गरियो I
५. नेपालको सुदुर पश्चिम प्रदेशको बाजुरामा आज विहान ५.२ रेक्टर स्केलको तीव्रतामा भूकम्प गएको छ I

## हाम्रो पार्टी विघटन

हाम्रो पार्टी अध्यक्ष अजय एडवार्डले आज एक प्रेस विज्ञप्ति जारी गर्नु हुदै हाम्रो पार्टी विघटन भएको घोषणा गर्नु भएको छ I उहाले गत ३ दिसम्बर २०२४ को दिन सम्पन्न भएको सभामा पारित भएको प्रस्ताव अनुरुप आज पार्टी विघटन गरेको उल्लेख गर्नु भएको छ I उहाले पार्टीका सम्पूर्ण पदाधिकारीगण, सदस्य एव शुभचिन्तकहरुप्रति आभार प्रकट गर्नु हुदै पार्टीको नया अध्यायमा सहभागी भइदिने आह्वान गर्नु भएको छ I स्मरण रहोस, गत महिना श्री एडवार्डले पार्टी विघटन गरेर एकीकृत राजनीतिक मंच निर्माण गर्ने बताउनु भएको थियो I यसै क्रममा भोली दर्जीलिंगको जिमखाना हलमा नयाँ राजनीतिक दलको घोषणा हुने भएको छ I

****** ० ******

## गोरामुमो

केन्द्रीय गृहमन्त्री अमित शाहको अपचारिक सिलगडी भ्रमणले पहाड, तराई, सिलगडी र डुवर्सका जनसमुदायमा एउटा नयाँ ऊर्जा उत्पन्न भएको गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष मन घिसिगले बताउनु भएको छ। यस भ्रमणको क्रममा सांसद राजु बिष्टसँग केन्द्रीय गृहमन्त्री अमित शाहको भेटघाटपछि पहाड, तराई, सिलगडी र डुवर्सका जनताको दीर्घकालीन र स्थायी राजनीतिक समाधानको लागि जनवरी २०२५ को पहिलो साता भित्र दोस्रो त्रिपक्षीय वार्ता सुरु हुने जानकारी प्राप्त भएको उहाले बताउनु भयो। उहाले आगामी जनवरी २०२५ मा सम्पन्न हुने त्रिपक्षीय बैठक गोर्खाहरूको लागि राजनैतिक समाधान प्राप्त गर्ने दिशामा एक महत्त्वपूर्ण कदम रहेको पनि बताउनु भएको छ।

****** ० ******

## प्रेस गिल्डको स्थापना दिवस

दार्जिलिङ क्षेत्रमा रहेका पत्रकारहरुको संगठन दार्जिलिङ प्रेस गिल्डको 24 औं स्थापना दिवस समारोह दार्जिलिङमा सम्पन्न भएको छ। स्थापना दिवस समारोह दार्जिलिङ प्रेस गिल्डको सभापति दिप गजमेरको अध्यक्षता र गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापाको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । अतिथिहरुका बाहुलीबाट दीप प्रज्ज्वलन गरेर शुरु भएको कार्यक्रममा दार्जिलिङ प्रेस गिल्डको थिम गीत प्रस्तुत गरियो। समीर छेत्रीले सञ्चालन गर्नु भएको कार्यक्रममा स्वागत सम्भाषण पत्रकार सविता संकल्पले राख्नु भएको थियो । कार्यक्रममा एक दिवसीय मिडिया कार्यशाला पनि सम्पन्न गरियो। कार्यक्रममा वरिष्ठ पत्रकार विवेक छेत्रीले मिडियाको नैतिकता विषयबारे प्रकाश पार्नु भयो भने संगठनका सभापति दिप गजमेरले दार्जिलिङ प्रेस गिल्डको इतिहास र उद्देश्यबारे जानकारी गराउनु भयो I यसरी नै सचिव आदित्य रायले संगठनको उपलब्धिहरुबारे जानकारी गराउनु भयो । कार्यक्रमलाई सम्बोधन गर्नु हुदै जीटीएका प्रमुख कार्यपाल अनित थापाले दार्जीलिङ्ग प्रेस गिल्ड दार्जीलिङ्ग पहाडको निम्ति कान अनि आँखा रहेको बताउनु भएको छ। उहाले क्लबका सदस्यहरुको सम्प्रेषित गरेको खबरहरुले स्थानीय देखि देशका

जनताले यहाँको घटनाहरू थाहा पाउने गरेको बताउनु भयो। साथै क्लबले निर्भिक भएर प्रजातान्त्रको चौथो खाँबोको भुमिका निभाएको पनि बताउनु भयो।

****** ० ******

**दार्जिलिङ प्रेस गिल्ड सम्मान**

पर्यावरणविद् एंव पूर्व विङ् कमाण्डर प्रफुल रावलाई दोस्रो दार्जिलिङ प्रेस गिल्ड सम्मानले सम्मानित गरिएको छ। उहालाई दार्जिलिङ प्रेस गिल्डको 24 औं स्थापना दिवसको अवसरमा यो सम्मानद्वारा सम्मानित गरिएको हो। यस अवसरमा उहालाई प्रमुख अतिथिको रुपमा उपस्थित गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाको बाहुलीबाट खदार्पणसहित टोपी, दोसल्ला पहिराउदै स्मृति चिन्ह सम्मान पत्र प्रदान गरेर सम्मान गरिएको छ। सम्मानित भएपछि पर्यावरणविद् प्रफुल रावले आफ्नो सम्बोधनमा आफुले पर्यावरण र हिमालय क्षेत्रमा कार्य गर्दा दार्जिलिङ - कालेबुङका पत्रकारहरुसित राम्रो सम्बन्ध बनिएको र यो सम्मानको लागि पनि आभार प्रकट प्रकट गर्नु भयो।

****** ० ******

**सहिद पूरण तामांग**

शहिद पूरण तामांग आज पन्चतत्वमा बिलिन भएका छन् I उनलाई आज शैन्य सम्मानको साथमा अन्तिम विदाई गरियो I कालेबुंग जिल्ला अन्तर्गत गोरुबथान खण्डको अम्बियोक चियाबारी निवासी भारतीय सेनामा कार्यरत शहिद पूरण तामांग गत आइतबार देहरादुनदेखि मेरठतर्फ जाने क्रममा सेनाको वहानको पछिल्लो भागमा अचानक आगलागी भएपछि हाम फाल्दा गम्भीर रूपमा घाइते भएका थिए भने उपचारको क्रममा गत बुधबार राती उनको मृत्यु भएको थियो I उनको पार्थिव शरीर हिज अम्बियोक स्थित उनको पैत्रिक घरमा ल्याईपुर्याइएको थियो भने आज उनलाई शैन्य सम्मानको साथमा अन्तिम विदाई दिईयो I

****** ० ******

**नक्कली डाक्टर पक्राउ**

बर्दवान शहरबाट पुलिसले नक्कली डाक्टर भएको आरोपमा बाबु छोरालाई पक्राउ गरेको छ। एकजना अभियुक्तले आफ्नो नामको अगाडि 'एमबिबीएस' लेखेका थिए भने अर्काले आफूलाई 'जनरल फिजिसियन' रहेको बताउने गरेक थिए । अनुसन्धानमा उनीहरु दुवैसँग मेडिकल डिग्री नभएको खुलेको छ। उनीहरुको क्लिनिकमा सानातिना शल्यक्रिया पनि भइरहेको थियो। जिल्लाका प्रमुख स्वास्थ्य अधिकारी जयराम हेम्ब्रमले स्थानीयवासीले यो क्लिनिकलाई लिएर गुनासो गरेको बताउनु भयो । त्यसपछि पुलिसले अनुसन्धान गर्ने क्रममा दुवैजनासँग कुनै बैध प्रमाण नभएपछि उनीहरुलाई पक्राउ गरिएको जानकारी प्राप्त भएको छ I पुलिस अनुसार यो परिवार २०१७ मा पनि यस्तै मुद्धामा पक्राउ परेका थिए।

****** ० ******

**मेलो फेस्ट**

दार्जीलिङको चौरास्तामा गत १९ दिसम्बरदेखि शुरु भएको दोस्रो मेलो फेस्ट कार्यक्रमले आज तेस्रो दिनमा प्रवेश गरेको छ। यस क्रममा आज पहाडको सम्पूर्ण विकास एव संस्कृतिक बोर्डको पक्षबाट आफ्नो-आफ्नो जातीय भेषभूशामा कार्यक्रमहरू प्रस्तुत गरे। यो कार्यक्रमले पर्यटनलाई बढोत्तरी मिलिरहेको छ भने जातीय संस्कृतिले पनि प्रोत्साहन पाइरहेको बताईएको छ। सोह्रवटै बोर्डहरूलाई यो कार्यक्रममा मङ्गर बोर्डका प्रमुख नबीन मङ्गर थापाले नेतृत्व गर्नु भएको थियो। उहाले मेलो फेस्ट प्रतिवर्ष आयोजना भएपछि पहाडको पर्यटन विकास अनि यहाको संस्कृतिको निम्ति उचित पहल रहेको बताउनु भएको छ I

****** ० ******

**ईडी- स्कूल नोकरी**

पश्चिम बंगालको स्कूल नोकरी घोटाला मामिलामा प्रवर्तन निदेशालय (ईडी) द्वारा दर्ता गरिएको मुद्दामा आरोप तय प्रक्रिया 23 दिसम्बरमा कोलकताको मनी लान्ड्रिंग रोकथाम ऐन (पीएमएलए) को विशेष अदालतमा पूरा हुने सम्भावना रहेको छ। यद्यपि, ईडीले दर्ता गरेको आरोपपत्रमा अभियुक्तको भौतिक उपस्थिति सुनिश्चित गर्नमा भएको ढिलाइले प्रक्रियामा बाधा पुग्न सक्छ। स्रोतका अनुसार सुजय कृष्ण भद्र र कल्याणमोय भट्टाचार्यको उपस्थितिमा अनिश्चितता छ। कल्याणमोय भट्टाचार्य तृणमूल कांग्रेसका महासचिव र पश्चिम बंगालका पूर्व शिक्षा मन्त्री पार्थ चटर्जीका ज्वाइँ हुन्, हाल आफ्नो श्रीमती अनि पार्थ चटर्जीकी छोरी सोहिनी भट्टाचार्य चटर्जीसँग विदेशमा छन्। भट्टाचार्यका स्थानीय वकिलले उनलाई भारत आएर अदालतमा हाजिर हुनका लागि आवश्यक

सबै व्यवस्था मिलाइएको अदालतलाई जानकारी दिएको बताईएको छ । यसैबीच, सुजयकृष्ण भद्रले पछिल्लो समय स्वास्थ्यको कारण देखाउँदै अदालतमा हाजिर हुन अस्वीकार गरेकाले उनको अनुपस्थितिमा पनि प्रश्न उठेको छ।

****** ० ******

**युवा शक्ति**

मिरिकको युथ होस्टलमा आज भारतीय गोर्खा प्रजातान्त्रिक युवा शक्तिको केन्द्रीय समिति र मिरिक महकुमा समितिको संयुक्त आयोजनामा एक सांगठनिक सभा सम्पन्न भयो। मिरिक महकुमा युवा शक्ति समितिका अध्यक्ष उमेश तोलङ्गीको अध्यक्षतामा सम्पन्न भएको सभामा युवा शक्ति केन्द्रीय समिति अध्यक्ष अमृत योञ्जन अनि महासचिव प्रोफेसर सदीप प्रधानको विशेष उपस्थिति रहेको थियो । सभामा महकुमा अधीनस्थ सबै समष्टि र नगर समितिका प्रतिनिधिहरूले आ-आफ्ना प्रतिवेदनहरू प्रस्तुत गरे भने मिरिक शहर समिति युवा शक्तिलाई अझ बलियो बनाउन आशिष तामाङ, मिङमा लेप्चा, अलोक गुरुङ अनि दावा तामाङलाई संयुक्त संयोजकको रुपमा चयन गरियो।

****** ० ******

**कालेबुङ दमाई समाज**

कालेबुङ दमाई समाजको २२औं बार्षिक सभा विविध कार्यक्रमका साथ सम्पन्न गरिएको छ। डा. बीआर अम्बेडकरको तस्बीरमा दीप प्रज्ज्वलन गरेर कार्यक्रमको थालनी गरिएको कार्यक्रममा दिवंगत सदस्यहरुको आत्म शान्ति हेतु मौन धारण गरियो। अध्यक्ष विवेक सुन्दासको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सचिव सुमन सुन्दासले सचिवको प्रतिवेदन पेश गर्नु भयो। कार्यक्रममा सिक्किम युनिभर्सिटीका डा आनन्द परियार, प्रकाश भुषाल, दिवस मोथे, शोभना सेवा आदि अतिथिका रुपमा उपस्थित रहेका थिए। यसैबीच समाजका सेवा प्रदान गर्ने विशेष व्यक्तिहरुलाई सम्मबर्धना जनाईएको छ।

****** ० ******